# सिगास गाउँपालिका

# आर्थिक वर्ष २०८१/०८२ को
# नीति तथा कार्यक्रम


<u>प्रस्तुतकर्ताः</u>

हरि सिंह धामी
गाउँपालिका अध्यक्ष
सिगास गाउँपालिका, बैतडी


सम्वत् २०८१ साल असार ८ गते शनिबार

**सभाका सदस्यज्यूहरु,**

यस सिगास गाउँपालिकाको अध्यक्षको हैसियतले यस सम्मानित सभाको बैठकमा आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त खुसी लागेको छ । सर्वप्रथम देशको अवस्था र व्यवस्था परिवर्तन गर्न विभिन्न समयमा भएको आन्दोलनमा साहदत प्राप्त गर्नुहुने महान शहिदप्रति हार्दिक श्रद्वान्जली अर्पण गर्दछु र घाईतेहरुप्रति सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपश्चातको दोस्रो कार्यकालको तेस्रो वर्षको नीति तथा कार्यक्रम मार्फत यस गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक गरी नागरिकहरुलाई स्थानीय सरकार प्रति भरोसायोग्य बनाउन सुशासन र संस्थागत विकासमा जोड दिदै आएका छौं । हामी भौगोलिक रुपमा जटिल, विकट र दुर्गम अवस्थामा छौं । दुदिलाखान-गँजरीको ९ कि.मी. कच्ची सडक बाहेक स्थानीय तह हुँदा यहाँ अन्य सडक नै खनिएका थिएनन् । अहिले सबै वडाको केन्द्रमा सडक पुगेका छन् । विद्युत विस्तारले तीव्रता पाएको छ । वडा कार्यालयहरुका आफ्नै भवन बनिसकेका छन् । सवास्थ्य संस्थाहरु प्रत्येक वडामा बनेका छन् । शिक्षा तर्फ विद्यालय भवन बनेका छन् । सांस्कृतिक संरक्षण अन्तर्गत स्थानीय देउघर, मन्दिर, भण्डार घरको निर्माण मर्मत सम्भार कार्य भएका छन् । सामाजिक सुरक्षा र विपद् व्यवस्थापनको क्षेत्रमा पनि प्राथमिकताका साथ काम भएका छन् । हाम्रा समस्याहरु धेरै छन्, गर्नुपर्ने काम पनि धेरै छन् । तर, सबै संरचनाहरु नयाँ बनाउनुपर्ने भएकाले भनेजति, चाहेजति काम गर्न समय लाग्ला तर पूर्वाधारको जग बसेको छ ।

गाउँपालिकाको आफ्नै प्राकृतिक स्रोत, उपलब्ध जडीबुटी, गाउँपालिकाबाट खरिद गरिएका मेसिनरीहरुको प्रयोग र राजस्वका स्रोतको पहिचान गरी आन्तरिक आयलाई बढाएर आन्मनिर्भर गाउँपालिका बन्ने यस गाउँपालिकाको उद्देश्य रहेको छ । नेपाल सरकारले उपलब्ध गराउने राजस्व बाँडफाँटको करीब तीन करोड रकम कटौती, वित्तीय समानिकरणबाट प्राप्त हुने अनुदानमा २६% कटौती, चालु आ.व. मा सुरुको ६ महिना कार्यालय प्रमुखको अभाव र अन्तिम डेढ महिना लेखा प्रमुखको अभावले गर्दा गाउँपालिकाले सोचे अनुसार कार्य प्रगति गर्न नसकेको कुरा यहाँहरुमाझ अवगत गराउँदछु । सीमित स्रोत र साधनका बावजुत पनि यस गाउँपालिकाको बृहत्तर प्रगतिका लागि स्थानीय सरकार निरन्तर खटिरहेको छ ।

आगामी आर्थिक वर्ष २०८१/०८२ मा जनताबाट प्रत्यक्ष माग भई आएका योजना तथा कार्यक्रमहरुलाई समावेश गरी हामीले सडक, शिक्षा, स्वास्थ्य, कृषि, पशु, सामाजिक सुरक्षा, खानेपानी, विपद् व्यवस्थापन, लक्षित वर्ग र धार्मिक संरक्षणका क्षेत्रमा प्राथमिकता दिएर बजेट र कार्यक्रमहरु तयार पारेका छौं ।

**गाउँसभा सदस्यज्यूहरु,**

**अव म यस स्थानीय सरकारको आगामी आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु ।**

**पूर्वाधार विकास तर्फ**

१. संघ, प्रदेश र सिगास गाउँपालिकाबीच त्रिपक्षीय सम्झौता भई कार्यान्वयनमा रहेको श्रीभावर-दोगाड-लेक-गर्जे सडकलाई कालोपत्रे बनाउन विशेष जोड दिईनेछ ।

२. सिगास गाउँपालिकामा निर्माण भएका कच्ची सडकहरुलाई बार्है महिना चल्ने बनाउन सडक स्तरोन्नतीमा जोड दिईनेछ ।

३. गन्तव्यमा पुग्न बाँकी सडक बाहेक नयाँ सडक निर्माणमा कटौती गरिनेछ ।

४. कुर्चिनेटा-गर्जे सडक निर्माणका लागि DPR र IEE गरिनेछ । साथै कुर्चिनेटा-गर्जे सडक र गाँजरी-धौलाडी-गर्जे सडक निर्माणका लागि प्रदेश तथा सङ्घीय सरकारसँग जोडदार पहल गरिनेछ ।

५. विद्युत प्राधिकरणसँग समन्वय गरी सिगास १ बिन्द्रावनमा विद्युत सवस्टेशन निर्माण कार्य अन्तिम चरणमा रहेको र आगामी आर्थिक वर्षमा विद्युत प्राधिकरणसँग निरन्तर सहकार्य गरी २ वर्षभित्र गाउँपालिकालाई पूण रुपमा विद्युतीकरण गरिनेछ ।

६. प्रशासकीय भवन निर्माणका लागि जग्गा व्यवस्थापन गर्न पहल गरिनेछ ।

७. १५ शैय्याको पालिका स्तरीय आधारभूत अस्पताल निर्माणको डि.पि.आर. निर्माण भैसकेकोले सो अस्पताल निर्माणका लागि सङ्घीय सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

८. उपभोक्ता समितिलाई तालिमको व्यवस्था मिलाई गुणस्तर तथा योजना सम्बन्धी ज्ञान, सीप अभिवृद्धि गरिनेछ ।

९. संघ तथा प्रदेशबाट हस्तान्तरित योजनाहरुलाई ठेक्का प्रक्रियाद्वारा संचालन गरिनेछ ।

१०. योजना अनुगमन तथा निरीक्षण गर्नका लागि यातायातको उचित व्यवस्था गरिनेछ ।

११. वार्षिक कार्यक्रम अनुसार योजनाहरुको अनुगमन, नापजाँच तथा मूल्याङ्कन गरिनेछ ।

१२. गाउँपालिकाको सदरमुकाम गर्जे तथा अन्य विभिन्न वडाहरुमा संचालनमा रहेका खानेपानी योजनाहरुको निरीक्षण तथा गुणस्तरीय बनाउने कार्य गरिनेछ ।

१३. गाउँपालिकाभित्र सुरक्षित आवास, भुकम्प सम्बन्धी जानकारी, सुरक्षित तथा शुद्ध खानेपानी जस्ता जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछन् ।

१४. भुकम्प प्रतिरोधी भवन निर्माण विकासमा जोड दिईनेछ ।

१५. भवन निर्माण तथा नक्सा पास सम्बन्धी कार्यविधि बनाई लागू गरिनेछ ।

१६. प्राविधिक कर्मचारीहरुलाई दिईदै आएको फिल्ड भत्तालाई योजना अनुगमन, प्राविधिक सल्लाह सुझाव र फिल्ड रिपोर्टिङका आधारमा मात्र उपलब्ध गराईनेछ ।

१७. प्रत्येक योजनाको कार्यान्वयन अवधिभर कम्तीमा पाँच पटक प्राविधिक कर्मचारीको प्रत्यक्ष निगरानी रहने नीति अवलम्बन गरिनेछ ।

१८. आ.व.को अन्त्यमा मात्र योजना कार्यान्वयन हुने परिपाटी अन्त्य गरी योजना तथा कार्यक्रमको सफल कार्यान्वयन गरिनेछ ।

१९. DPR, IEE जस्ता परामर्श सेवामा सकभर गाउँपालिकाकै जनशक्ति प्रयोग गरिने नीति लिईनेछ ।

२०. उपभोक्ता समितिद्वारा निर्माण गरिने जटिल प्रकृतिका निर्माण कार्यमा प्राविधिक सल्लाह, परामर्श र निगरानी रहनेछ ।

२१. उपभोक्ता समितिद्वारा निर्माण कार्यमा गाउँपालिकाको मेशिनरीहरु प्रयोगमा ल्याईने नीति लिईनेछ ।

२२. निर्माण कार्यहरु गर्दा वातावरणमैत्री, दिगो विकास लक्ष्य, पञ्चवर्षे योजना, सोह्रौं योजनाको लक्ष्य अनुकूल हुने गरी कार्यान्वयन गरिनेछ ।

**न्यायिक समिति**

२३. न्यायिक समितिका पदाधिकारी र कर्मचारीलाई क्षमता अभिबृद्धि तालिमको व्यवस्था गरिनेछ ।

२४. वडा कार्यालयमा स्थापित मेलमिलाप केन्द्रमा प्रभावकारी व्यवस्थापन गरी मेलमिलापकर्ताहरुलाई तालिम प्रदान गरिनेछ ।

२५. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीलाई अन्य स्थानीय तहका न्यायिक समिति तथा न्यायिक निकायमा अवलोकन भ्रमण तथा अनुभव आदान प्रदान सम्बन्धी कार्यक्रमको व्यवस्था गरिनेछ ।

२६. ९ वटै वडाहरुमा अपराध र न्याय निरुपण सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

**आर्थिक विकास तर्फः**

**उद्यम विकासः**

२७. गाउँपालिकामा दर्ता हुने सम्पूर्ण फर्म, व्यवसाय तथा उद्योगहरुको दर्ता नविकरण र नामसारी, ठाउँसारी तथा खारेजी लगायतका कार्यहरु र सीप विकास, उद्यमशिलता विकास, आयआर्जन तथा स्वरोजगारका कार्यक्रमहरु एकद्वार प्रणाली मार्फत संचालन गरिनेछन् ।

२८. आर्थिक तथा सामाजिक रुपमा पछि परेका वर्गको जिविकोपार्जनमा सुधार ल्याउनका लागि विशेष कार्यक्रमहरु संचालन गरिनेछन् ।

२९. आर्थिक तथा वित्तीय साक्षरता सम्बन्धी अभिमुखिकरण कार्यक्रमहरु संचालन गरिनेछ ।

३०. एक गाउँ एक उत्पादन तथा एक घर एक रोजगार नीति अवलम्वन गरिनेछ ।

३१. एक वडा एक विशेष उद्योगको अवधारणा अगाढी बढाई विशेष कार्यक्रम संचालन गरिनेछ ।

३२. उद्योग तथा व्यवसायमा महिलाको सहभागिता बढाईनेछ ।

३३. गाउँपालिकामा रहेका सीपयुक्त जनशक्ति तथा विशेष सीपको चाहना भएका व्यक्तिहरुको तथ्याङ्क संकलन गरी सोही बमोजिमका कार्यक्रमहरु लागू गरिनेछ ।

३४. हाल गाउँपालिकाभित्र संचालनमा रहेका उद्योग तथा व्यवसायको क्षमता विकास गर्ने अभिप्रायले माग तथा आवश्यकताका आधारमा प्रविधिमा अनुदानका कार्यक्रमहरु संचालन गरिनेछन् ।

३५. रोजगारीका क्षेत्र विस्तार गर्न सीप विकास सम्बन्धी कार्यक्रमहरु प्रभावकारिताका साथ संचालन हुनेछन् साथै सीपयुक्त जनशक्ति पालिकाभित्रै उपयोग नीति अवलम्वन गरिनेछ ।

३६. गाउँ तथा समाजमा उद्यमशील संस्कृतिको विकास गर्न तथा गराउन सचेतनामूलक उद्यमशिलता विकास तालिम तथा कार्यक्रमहरुमा जोड दिईनेछ ।

३७. श्रमको लागि विदेश जाने युवा वर्गको माग तथा आवश्यकता अनुसारका सीप विकास गरिनुका साथै सीप परिक्षणका लागि समेत विशेष पहल गरिनेछ ।

३८. नयाँ लघु घरेलु तथा साना उद्योगको विकासका लागि स्थानीय सहकारी संस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

३९. उत्कृष्ट व्यवसाय संचालन गर्ने व्यवसायीहरुलाई सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ ।

४०. स्थानीय उत्पादनको बजारीकरणका लागि मेला महोत्सवको प्रवर्धन गरिनेछ ।

४१. श्रीभावरमा रहेको नेपाली हाते कागज उद्योगलाई संचालनमा ल्याउन विशेष जोड दिईनेछ ।

४२. न्वाघरमा अलपत्रमा रहेको हर्वल साबुन बनाउने सीप कार्यान्वयनमा ल्याईनेछ ।

४३. औद्योगिक ग्राम स्थापना गर्नका लागि नेपाल सरकार, प्रदेश सरकारसँग विशेष पहल गरिनेछ ।

**बेरोजगारी समाधान**

४४. सूचीकृत बेरोजगार व्यक्तिहरुलाई विपन्न प्राथमिकीकरणका आधारमा निर्माण क्षेत्रमा न्यूनतम १०० दिनको रोजगारी उपलब्ध गराईनेछ ।

४५. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाउन तथा योजनाको निर्माण सामाग्री खरिदका लागि साँझेदारी गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।

४६. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई रोजगार सेवा केन्द्र मार्फत व्यक्तिगत पुनः श्रम स्वीकृति गाउँपालिकाबाटै दिईनेछ ।

४७. बेरोजगार युवाहरुको तथ्याङ्क संकलन गर्ने र अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिईनेछ, साथै रोजगार सेवा केन्द्र मार्फत Job Bank को स्थापना गरिनेछ ।

४८. बेरोजगार युवाहरुको योग्यता र क्षमता अनुसारको सीप प्रदान गर्न व्यवसायिक तथा प्राविधिक तालिम दिनुका साथै युवाहरुलाई उद्यमशिलता विकासमा प्राथमिकता दिईनेछ साथै उत्पादनमूलक रोजगारी सृजना गर्ने गरी प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यस्थलमा आधारित सीप विकास तालिम/क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिम संचालन गरिनेछ ।

४९. रोजगारीमा खटिनुपूर्व श्रमिकहरुलाई अभिमुखिकरण कार्यक्रम, रोजगार रणनीति कार्यक्रम संचालन गरिनेछ ।

५०. वैदेशिक रोजगारीको क्रममा दुर्घटना वा मृत्यु भएमा निजको परिवारले पाउने सुविधा गाउँपालिकाबाटै उपलब्ध गराईनेछ ।

**कृषि तथा पशु तर्फ**

५१. "एक समूह एक फलफूल पकेट कार्यक्रम" लागू गर्दै कृषक समूहहरुलाई अनुदानमा फलफूल बोट विरुवा वितरण र सो को व्यवस्थापन, प्राविधिक सहयोग गरि अभिलेखिकरणको उचित नीति अवलम्बन गरिनेछ ।

५२. यस गाउँपालिकाका वडाहरुमा कृषि सम्बन्धी ज्ञान, सिप तथा कृषि उत्पादन बृद्धि गर्नका लागि "एक वडा एक कृषि प्राविधिक कार्यक्रम" मार्फत प्रत्येक वडाहरुमा कृषकहरुलाई सहज ढंगले घर-घरमै कृषि तथा पशु सेवा उपलब्ध गराईने नीति लिईनेछ ।

५३. बेमौसमी तरकारी खेतीलाई थप प्रोत्साहित गरिने छ र खेतीयोग्य जमिनका लागि थप नहर सिँचाई तथा पाईप सिँचाई गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

५४. कृषि उत्पादनलाई बृद्धि गर्न माटो सुहाउँदो बाली, बाली सुहाउँदो प्रविधि कार्यक्रम लागू गरिनेछ ।

५५. बाँझो जमिनमा फलफुल,तरकारी खेती गर्न उत्प्रेरित गरिनेछ र सिँचाई विउविजनको उपलब्धता साथै प्राविधिक ज्ञान सिप र प्रविधि हस्तान्तरणमा जोड दिईनेछ ।

५६. कृषि पेशालाई थप आकर्षक र उत्पादनमूलक बनाउन कृषिमा आधुनिकीकरण र यान्त्रीकरण गरिनुका साथै कृषिका लागि आवश्यक पर्ने उन्नत जातका विउविजन, किट्नाशक विषादी, कृषिजन्य औजारहरु ५० प्रतिशत अनुदानमा उपलब्ध गराईने व्यवस्था मिलाईने छ ।

५७. किसान सूचीकरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

५८. आलु पकेट क्षेत्रमा बिउ आलु उत्पादन कार्यक्रम संचालन गरिनेछ ।

५९. उखु खेती गरिरहेका कृषकहरुलाई ५० प्रतिशत अनुदानमा उखु पेल्ने मेशिन/औजार उपलब्ध गराईनेछ ।

६०. मह उत्पादन कार्यक्रम अन्तर्गत माहुरी पालक कृषकहरुलाई अनुदानमा माहुरी घार उपलब्ध गराईनुका साथै उत्पादन भएको मह सहकारी मार्फत संकलन गरि मह प्याकेजिङ् र लेवलिङ् गरि बजारको व्यवस्था मिलाईने छ ।

६१. कृषि, पशुपन्छी तथा मत्स्य तथ्यांक सङ्कलन गरी अद्यावधिक गरिनेछ ।

६२. भेटेरिनरी ल्याव सहितको पशु स्वास्थ्य शिविर संचालन गरिनेछ ।

६३. खोर गोठ सुधार कार्यक्रमलाई निरन्तर्ता दिईनेछ ।

६४. पशुपन्छी रोगको अन्वेषण, नमुना संकलन तथा प्रेषण र इपिडिमियोलोजिकल कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

६५. उन्नत जातका पशुहरुमा कृतिम गर्भाधान तथा नस्ल सुधार कार्यक्रम संचालनमा ल्याईने छ ।

६६. पशुपालक कृषकहरुलाई उन्नत जातका बोका/राँगा अनुदानमा उपलब्ध गराईने व्यवस्था मिलाईने छ ।

६७. पशुजन्य रोगका लागि औषधिको व्यवस्था मिलाईने छ ।

६८. सिगास गाउँपाललिकाभित्रका पशुपन्छीको उपचार पश्चात मासिक रुपमा प्रतिवेदन अनलाईन ईन्ट्रि गरिनेछ ।

६९. भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रसँग समन्वय गरी पि.पि.आर र एफ.एम.डी. खोप कार्यक्रमलाई निरन्तरता दिईने छ ।

७०. गाउँपालिका भित्रका पशुहरुमा लाग्ने आकस्मिक रोगहरु, कुनै पनि किसिमको नयाँ रोग देखा परेमा प्राविधिकहरु खटाएर नमुना संकलन गरि प्रदेश स्तरिय पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा पठाउने व्यवस्था मिलाईने छ ।

७१. माटोको नमुना संकलन गरि माटो परिक्षण गर्ने व्यवस्था गरिने छ ।

७२. कृषि पेशामा युवाहरुको आकर्षण बढाउन २५ वर्ष देखि ४० वर्ष भित्रका युवाहरुका लागि विशेष तालिम तथा आधुनिक कृषि प्रविधि हस्तान्तरण कार्यक्रम संचालन गरिनेछ ।

७३. उत्कृष्ट कृषक व्यवसायीलाई सम्मान तथा पुरस्कृत गर्ने व्यवस्था मिलाईने छ ।

**सहकारी**

७४. गाउँपालिका भित्र रहेका सहकारी संस्थाको नियमन, अनुगमन तथा प्रभावकारी संचालनको माध्यमबाट स्थानिय समुदायमा छरिएर रहेको पुँजीको संकलन, व्यवस्थापन तथा परिचालनको लागि सहकारी संस्थाको क्षमता विकास गर्न गाउँपालिकामा स्थापना भएको सहकारी विकास शाखामा जनशक्तिको व्यवस्थापन गरि नियमित रुपमा अनुगमन, मुल्याङ्कन, वित्तिय साक्षरता अभियान, तालिम समिक्षा गोष्ठि आयोजना गरिनेछ ।

७५. गाउँपालिकाभित्र कार्यक्षेत्र भई संचालनमा रहेका सहकारी संस्थाहरुलाई पुर्ण रुपमा कोपोमिसमा आवद्ध गर्ने नीति लिईनेछ ।

७६. कृषि सहकारी संस्थाहरु मार्फत कृषकहरुको उत्पादनलाई संकलन गरि बजारीकरण गर्ने व्यवस्था मिलाईने छ ।

७७. गाउँपालिका भित्रका सहकारी र वित्तीय संस्थाहरुलाई उत्पादनमूलक क्षेत्रमा लगानीका लागि प्रोत्साहन गरिनेछ ।

**सामाजिक विकास तर्फः**

**शिक्षा**

७८. गाउँपालिका स्तरीय वार्षिक शैक्षिक क्यालेण्डर अनुसार विद्यालयका शैक्षिक कार्यक्रमहरु अगाडि बढाईनेछ।
७९. कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरीय केन्द्र निर्धारण गरी संचालन गरिनेछ।
८०. शिक्षा समितिबाट तोकिएको विद्यालय नक्शाङ्कन तथा विद्यालय समायोजन सम्बन्धी समितिबाट विद्यालय नक्शाङ्कन तथा विद्यालय समायोजन विस्तृत अध्ययनको काम अगाडि बढाइने छ।
८१. विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गराउन तहगत रुपमा विद्यालय, वडा हुँदै पालिका स्तरीय कार्यक्रममा जोड दिइनेछ।
८२. विद्यालयको समग्र पक्षको अनुगमनलाई विशेष प्राथमिकताका साथ अगाडि बढाइने छ।
८३. खेलकुद क्षेत्रलाई विशेष प्राथमिकताका साथ अगाडि बढाइने छ।
८४. एकमुष्ट शैक्षिक अनुदान वितरणको कामलाई निरन्तरता दिइने छ।
८५. गाउँपालिकाभित्रका सम्पूर्ण विद्यालयहरुको प्रश्नपत्रमा एकरुपता ल्याइनेछ।
८६. विद्यालयका प्रधानाध्यापकहरुको क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ।
८७. पूर्व प्राथमिक विद्यालयमा शिक्षण गर्ने बालविकास सहजकर्ताहरुको लागि तालिमको व्यवस्था गरिने छ।
८८. संघ तथा प्रदेशबाट प्राप्त सशर्त अनुदानका कार्यक्रमहरु तोकिए अनुसार कार्यान्वयन गरिनेछन।
८९. विद्यालयमा खुवाइने दिवाखाजाको विशेष अनुगमन गरिनेछ।
९०. विद्यालयमा गरिने सामाजिक लेखापरीक्षणको सार्वजनिक सुनुवाई कार्यक्रम शिक्षा शाखाको अनिवार्य उपस्थितिमा गराई विद्यालयको आयव्ययको पारदर्शिता स्पष्ट गर्ने काम गरिनेछ।
९१. स्थानीय पाठ्यक्रम अनुसार पाठ्यपुस्तक बनाउने काम अगाडि बढाइने छ।
९२. विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरुलाई पुनर्ताजगी तालिम / अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गरिनेछ।
९३. शैक्षिक संस्थाहरुलाई पूर्ण रुपमा राजनीतिमूक्त क्षेत्र बनाईनेछ ।
९४. विद्यालय बालबिकास सहजकर्ताहरुको मासिक तलब बृद्धि गरिनेछ ।

**स्वास्थ्य तथा सरसफाई**

९५. प्रत्येक स्वास्थ्य संस्थाहरुमा वर्षभरी ९८ किसिमका आधारभूत औषधीहरु निःशुल्क रुपमा उपलब्ध गराईनेछ ।
९६. सामुदायिक महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई दिईदै गरेको प्रोत्साहन भत्तालाई निरन्तरता दिईनेछ ।
९७. निःशुल्क गुणस्तरीय स्वास्थ्य सेवालाई निरन्तरता दिईनेछ ।
९८. गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामा गर्भ जाँच गराउन प्रोत्साहन गरिनेछ ।
९९. औषधी खरिदका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
१००. स्वास्थ्य संस्थाहरुलाई भौतिक पूर्वाधार र आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
१०१. असहाय विपन्न नागरिकहरुलाई उपचारको लागि आर्थिक सहयोग गरिने कार्यलाई निरन्तरता दिईनेछ ।
१०२. आकस्मिक उपचार तथा परामर्शको लागि स्मार्ट हेल्थ कार्यक्रम सबै संस्थाहरुमा संचालन गरिनेछ ।
१०३. "सुरक्षित पानी स्वस्थ जिन्दगानी " भन्ने मूल नाराका साथ सम्पूर्ण स्वास्थ्य संस्थामा चौबिसै घण्टा सुरक्षित खानेपानीको उपलब्धता गराउन सुरक्षित खानेपानी योजना लागू गरिनेछ ।

१०४. स्मार्ट हेल्थ कार्यक्रम र अन्य डिजिटल सिस्टम व्यवस्थापनको लागि सबै स्वास्थ्य संस्थाहरुमा इन्टरनेटको व्यवस्था गरिनेछ ।

१०५. स्वास्थ्य सेवाको पहुँच पुर्यायउन आमा समूहलाई सक्रिय रुपमा परिचालन गर्न आमा समूह सुदृढीकरण कार्यक्रम संचालन गरिनेछ ।

१०६. हाम्रो गन्तव्य कुपोषणको अन्त्य भन्ने नाराका साथ गाउँपालिकाभरी पोषण अवस्था लेखाजोखा गरी पोषण स्थिति पत्ता लगाई परामर्श तथा उपचार गर्दै पोषणमैत्री पालिका बनाउने योजनालाई एकिकृत गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१०७. स्वास्थ्य शिक्षा तथा जनचेतना अभिबृद्धि गर्न स्वास्थ्यकर्मीहरुको दिक्षा विद्यालयमा स्वास्थ्य शिक्षा भन्ने नाराका साथ विभिन्न वडामा रहेका स्वास्थ्यकर्मीहरुले नजिकको विद्यालयमा गएर हप्तामा एक दिन प्रजनन स्वास्थ्य, सरसफाई, पोषण र विभिन्न रोगहरु सम्बन्धी स्वास्थ्य शिक्षा दिने व्यवस्था गरिनेछ ।

१०८. नियमित खोप वितरण गर्जेबाट गर्ने कार्य अगाढी बढाईनेछ ।

१०९. उपाध्यक्ष कोसेली कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

११०. गर्भवती महिलाहरुको लागि सबै स्वास्थ्य संस्थामा ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१११. गाउँपालिकाभित्र क्षयरोग खोजपड्तालको किटजन्य रोज खोजपड्ताल र अन्य सेवाका लागि बाँकी रहेका स्वास्थ्य संस्थामा ल्याव सेवा विस्तार गरिनेछ ।

११२. MBBS अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिने कार्यलाई निरन्तरता दिईनेछ ।

११३. स्वास्थ्य संस्थाहरुमा करार सेवामा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको मासिक तलब बृद्धि गरिनेछ ।

११४. पालिकाभित्रका असहाय र विपन्न नागरिक तथा भैपरी आउने दुर्घटनालाई नजर गरी एम्वुलेन्स सेवा सुचारु गर्न एम्वुलेन्स खरिद गरिनेछ ।

**आयूर्वेद**

११५. नागरिक आरोग्य कार्यक्रम, विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम, योग शिविर, गाउँघर क्लिनिक र जेष्ठ नागरिकका लागि स्वास्थ्य प्रबर्धन कार्यक्रम संचालन गरिनेछ ।

११६. गाँजरी आयुर्वेद औषधालयबाट दिईने सेवालाई थप व्यवस्थित गर्दै गाउँपालिका सदरमूकाम गर्जेमा सेवा केन्द्र स्थापना गरिनेछ ।

११७. औषधालयमा मेडिकल सामाग्री तथा आवश्यक उपकरण र औषधीको उचित व्यवस्था मिलाईनेछ ।

११८. स्थानीय जडिबुटीको संरक्षण तथा प्रबर्धन गरिनेछ ।

**पञ्जिकरण शाखा**

११९. सिगास गाउँपालिकाका सबै वडाहरुमा व्यक्तिगत घटना दर्ता पूर्ण रुपमा अनलाईन मार्फत गरिने कार्यलाई थप प्रभावकारी बनाईनेछ ।

१२०. सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुको नविकरण गर्दा राष्ट्रिय परिचयपत्र अनिवार्य लागू गरि इ.एफ.टी. मार्फत भुक्तानी गरिनेछ ।

१२१. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रममा नयाँ लाभग्राहीहरुलाई बायोमेट्रियक स्क्यानर डिभाइस अनिवार्य गरी संचालनमा ल्याईनेछ ।

१२२. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई थप प्रभावकारी बनाउन नियमित अनुगमन गरिनेछ ।

१२३. पञ्जिकरण शाखामा एक जना फिल्ड सहायक र अन्य कर्मचारीको ६ महिनाको तलब भत्ता गाउँपालिकाले नै व्यहोर्नेछ ।

१२४. सिगास गाउँपालिकाको केन्द्रमा कृषि विकास बैंकको एक्सटेन्सन काउन्टर स्थापनाका लागि पहल गरिनेछ ।

१२५. वडा कार्यालयबाटै सामाजिक सुरक्षा भत्ता रकम वितरण गर्न सम्बन्धित बैंकसँग आवश्यक समन्वय गरिनेछ ।

**लक्षित वर्ग**

१२६. दलित, महिला, बालबालिका, असहाय, जेष्ठ नागरिक, एकल महिला एवम् फरक क्षमता भएका नागरिकको न्यूनतम जीवनयापनको आधार तय गरिनेछ र ज्येष्ठ नागरिकलाई सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१२७. परम्परागत रुपमा मनाउँदै आएका चाडपर्व, देउडा, छलिया, हुड्क्यौली, फाग, धमौरी, चैत लगायत बाध्यबाधन, सिलाई, आरन व्यवसाय, सान व्यवसायलाई संरक्षण, संवर्धन एवम् प्रवर्धन गरिनेछ ।

१२८. आमाबुवा विहिन बालबालिकाहरुको न्यूनतम मानवीय जीवनयापन गर्न गाउँपालिकाले अभिभावकको भूमिका निर्वाह गर्नेछ ।

१२९. बाल विवाह, बालश्रम गर्ने गराउने व्यक्ति घरपरिवारलाई सरकारको तर्फबाट प्रदान हुने सेवा सुविधाबाट बञ्चित गरिनेछ ।

१३०. घरेलु हिंसा, यौन दुर्व्यवहार, सामाजिक हिंसा, पीडित किशोरकिशोरी र महिलाहरुको संरक्षण गर्न आवश्यक पहल गरिनेछ । लैंगिक हिंसा बिरुद्ध शुन्य सहनशीलता नीति अवलम्वन गरिनेछ ।

१३१. "सिगास गाउँपालिकाको सरोकार महिलालाई अवसर र अधिकार" भन्ने लक्ष्यलाई साकार पार्न लैंगिक समानता समावेशीकरण तथा सामाजिक न्यायको सुनिश्चितता गरिनेछ ।

१३२. गाउँपालिकाभित्रका सबै वडाहरुमा महिला सशक्तीकरणका लागि तालिम संचालन गरिनेछ ।

१३३. प्रत्येक गाउँ टोलमा असल आमा समूह गठन गरी सचेतनामूलक कार्यक्रम संचालन गरिनेछन् ।

१३४. महिनावारीका बखत गरिने छुवाछुत, बालबालिका तथा जातीय भेदभाव बिरुद्ध जनचेतनामूलक अभियान संचालन गरिनेछ ।

१३५. एकल महिला, आर्थिक रुपमा विपन्न महिला, सीप सिक्न उत्सुक महिलाहरुको जीविकोपार्जन सुधार कार्यक्रम संचालन गरिनेछ ।

१३६. प्रत्येक वडा कर्यालयको केन्द्रमा अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा सांस्कृतिक कार्यक्रम र अन्य महिला सशक्तीकरणका कार्यक्रम संचालन गरिनेछन् ।

**वन वातावारण तथा विपद व्यवस्थापन तर्फः**

१३७. सिगास गाउँपालिकामा आपतकालीन कार्यसंचालन केन्द्रको स्थापना गरी विपद् पूर्व तयारी सामाग्रीको उचित व्यवस्थापन र विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनामा विशेष जोड दिईनेछ ।

१३८. यस गाउँपालिकाभित्र हुने विपद् बाढी, पहिरो, हावाहुरी, चट्याङ, आगलागी, भुकम्प जस्ता प्राकृतिक प्रकोपबाट समस्यामा परेका घर परिवार र व्यक्तिहरुको तथ्याङ्क संकलन गरि निजहरुलाई राहत, उद्धार तथा क्षतिपूर्तिका लागि आवश्यक किसिमको व्यवस्था मिलाईनेछ ।

१३९. विपद् पूर्व तयारी राहत उद्धारका सामाग्रीहरु खरिद गरि गाउँपालिकाभित्र रहेका सुरक्षा निकाय र अन्य सरकारी संघ संस्थाहरुसँग समन्वय गरी विपद् पूर्व तयारीमा विशेष जोड दिईनेछ ।

१४०. गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समिति र वडास्तरीय विपद् व्यवस्थापन समितिलाई क्रियाशिल बनाई विपद् पूर्व तयारीका लागि खुला क्षेत्र, हेलिप्याड, सुरक्षित स्थानहरुको व्यवस्थापन गरिनेछ ।

१४१. विपद् सम्बन्धी सचेतनाका लागि रेडियो, पत्रपत्रिका, सामाजिक सञ्जाल र अन्य विविध कार्यक्रम मार्फत सचेतना र सन्देशमूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

१४२. विभिन्न प्रकोपमा परी धनजनको क्षति भएका परिवार र आर्थिक स्थिति कमजोर भई उपचार समेत गर्न कठिनाई भैरहेका परिवारलाई घरदैलोमा नै गई राहत रकम उपलब्ध गराईनेछ ।

१४३. वन संरक्षण, डढेलो नियन्त्रण, वन कटानी र फडानी नियन्त्रण, वृक्षारोपण, अनियमित चरन नियन्त्रण, पानीका मुल संरक्षण, वातावरणमैत्री दिगो विकास, वन्यजन्तुको संरक्षण जस्ता नीतिहरु अवलम्वन गरिनेछन् ।

**सार्वजनिक सेवा, सुशासन तथा संस्थागत क्षमता विकासः**

१४४. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता नीति अवलम्वन गरिनेछ । कार्यालयले आफु र आफ्नो मातहतका कार्यालय मार्फत प्रवाह गर्ने सेवाको प्रभावकारितामा अभिवृद्धि गर्न गुनासो व्यवस्थापन सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, नागरिक वडापत्र, सूचनाको हकको प्रत्याभूति, पारदर्शी, जवाफदेही, भ्रष्टाचार निवारण लगायतका कार्यहरु गरिनेछन् ।

१४५. गाउँपालिकाको कार्यालय तथा मातहतका कार्यालयहरुमा नागरिकहरुले स्पष्टसँग देख्न र पढ्न सक्ने गरी डिजिटल नागरिक वडा पत्र, सूचना पाटी राखिनेछन् ।साथै नागरिकको गुनासो तथा सुझावलाई समेट्न गुनासो पेटिका राखिनेछन् ।

१४६. गाउँपालिकामा हेल्प डेस्कको व्यवस्था गरि कर्मचारीको व्यवस्थापन गरिनेछ ।

१४७. गाउँपालिकाबाट सम्पन्न हुने आर्थिक क्रियाकलापमा वित्तीय जोखिम न्यूनीकरणका उपाय अवलम्बन गरिनेछ ।

१४८. दर्ता चलानी तथा सोधपुछ कक्षलाई थप व्यवस्थित गरिनेछ ।

१४९. गाउँपालिकाको कार्यालय र मातहतका कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहलाई थप प्रभावकारी र सूचना प्रविधिमैत्री बनाउन ईन्टरनेटको व्यवस्था गरिनेछ ।

१५०. सार्वजनिक स्रोतको उपयोगलाई प्रभावकारी बनाउन जोखिम विश्लेषणमा आधारित लेखा राख्ने पद्धतिलाई जोड दिइनेछ ।

१५१. गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त बनाउन आन्तरिक नियन्त्रण निर्देशिकालाई कार्यान्वयनमा ल्याइनेछ।

१५२. गाउँपालिकाबाट सम्पादित कार्यलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउन गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख बीच कार्य सम्पादन करार सम्झौता कार्यलाई निरन्तरता दिईनेछ ।

१५३. गाउँपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई कार्य विवरण दिई सो अनुसार कार्य सम्पादन मूल्याङ्कन गरिने कार्यलाई निरन्तरता दिईनेछ ।

१५४. कर्मचारीहरुको मनोबल उच्च पार्न कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कनको आधारमा र निश्चित मापदण्डको आधारमा उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गरी सम्मान गरिनेछ ।

१५५. गाउँपालिका तथा वडाहरु संचालन र व्यवस्थापनको लागि कर्मचारीहरुलाई क्षमता अभिवृद्धि तालिमहरु संचालन गरिनेछन् । संगठनात्मक संरचना अनुसार रिक्त हुन आएका दरबन्दीमा प्रदेश लोकसेवा आयोग मार्फत पदपूर्तीका लागि माग गरिनेछ र आवश्यक थप जनशक्ति व्यवस्थापनका लागि पहल गरिनेछ ।

१५६. गाउँपालिकाको आर्थिक, भौतिक, सामाजिक तथा मानवीय विकासको दीर्घकालीन सोच सहितको आवधिक योजना अद्यावधिक गर्ने प्रक्रियालाई निरन्तरता दिईनेछ ।

१५७. वित्तीय अनुशासन कायम गर्न चालु आर्थिक वर्षमा सार्वजनिक सुनुवाईलाई निरन्तरता दिईनेछ ।

१५८. आयोजनाहरुको दिगो विकास व्यवस्थापनका लागि गाउँपालिका र वडा स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिलाई थप क्रियाशिल गराई परिचालन गरिनेछ ।

१५९. आर्थिक अनुशासन तथा पारदर्शिता कायम गरी सुशासनको प्रत्याभूति गराउन गाउँपालिका अन्तर्गत कार्यान्वयन गरिने क्रियाकलापहरुको सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई कार्यक्रम नियमित संचालन गर्ने र लेखा परिक्षण मार्फत शून्य बेरुजु कायम गर्ने नीति अवलम्वन गरिनेछ।

१६०. बजार व्यवस्थापन तथा अनुगमन सम्बन्धि कार्यहरुलाई निरन्तरता दिईनेछ ।

१६१. गाउँपालिका तथा मातहतका कार्यालयमा कार्यरत कर्मचारीहरुको मासिक पारिश्रमिकमा एकरुपता लिईनेछ । साथै सशर्त कार्यक्रम अन्तर्गतका करार सेवाका कर्मचारीहरुको तलब भत्तामा स्थानीय सरकारको आनुपातिक लागत सहभागितालाई निरन्तरता दिईनेछ ।

**अन्त्यमा, आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम तर्जुमा गर्ने चरणमा सुझाव, समन्वय र सहयोग गर्नुहुने यस सिगास गउँपालिकाका जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, विज्ञ, संचार जगत र आम नागरिकहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । स्थानीय सरकारले यो नीति तथा कार्यक्रम कार्यान्वयनको चरणमा सम्बद्ध सबै पक्षबाट सकारात्मक सहयोगको अपेक्षा राखेको छ ।**

**धन्यवाद!**

हरि सिंह धामी

**अध्यक्ष**

**सिगास गाउँपालिका, बैतडी**

**ईतिसम्वत् २०८१ साल असार ८ गते शनिवार,**
**नेपाल सम्वत् ११४४ तछलाध्व पुन्हि शनिबार ।**